काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २७९ ❐ मंगलवार, ५ साउन, २०८३ ❐ Tuesday, 21 July 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

बढ्दो अपराधको चिन्ताजनक संकेत :

लागुऔषधको जालोमा फस्दै बालबालिका

❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, ४ साउन

कर्णाली प्रदेशको राजधानी सुर्खेत विकास, शिक्षा, स्वास्थ्य र व्यापारको केन्द्रका रूपमा विस्तार भइरहेको छ। जनसंख्या बढेको छ, बजार फैलिएको छ, नयाँ अवसर सिर्जना भएका छन्।

तर विकासको यही गतिसँगै अर्को भयावह यथार्थ पनि विस्तार भइरहेको छ, त्यो हो अपराधजन्य घटनाहरु। ती अपराधमध्ये सबैभन्दा चिन्ताजनक पक्ष लागुऔषधको जालोमा फस्दै गएका बालबालिका हुन्। जिल्ला प्रहरी कार्यालय सुर्खेतको पछिल्लो तीन आर्थिक वर्षको तथ्यांकले यही गम्भीर संकेत दिएको हो।

प्रहरीका अनुसार लागुऔषधका मुद्दा मात्र बढेका छैनन्, यसमा संलग्न हुने बालबालिकाको संख्या पनि बढ्न थालेको छ। यो तथ्यले अब लागुऔषधलाई कानुनी वा सुरक्षा चुनौतीका रूपमा मात्र नभई सामाजिक, पारिवारिक र शैक्षिक संकटका रूपमा हेर्नुपर्ने अवस्था सिर्जना गरेको हो।

विगत तीन वर्षमा दोब्बरजस्तै लागुऔषधका मुद्दा बढेका छन्। प्रहरीको तथ्यांकअनुसार आर्थिक वर्ष ०८०/८१ मा लागुऔषधसम्बन्धी १९२ वटा मुद्दा दर्ता भएका थिए। त्यस वर्ष चार जना बालक संलग्न रहेको तथ्यांक छ। त्यसको अर्को वर्ष ०८१/८२ मा लागुऔषधका मुद्दा बढेर ३०६ पुगेका थिए। जसमा बालकको संलग्नता एक जनामा सीमित देखिए पनि पछिल्लो आर्थिक वर्ष ०८२/८३ मा अवस्था झन् गम्भीर बनेको छ। यो वर्ष ४२१ वटा लागुऔषधका मुद्दा दर्ता भएका छन्, जसमा सात जना बालक र दुई जना बालिका संलग्न रहेको प्रहरीको रिपोर्टले देखाएको छ।



तस्वीर : एआईद्वारा सिर्जित

तीन वर्षको अवधिमा लागुऔषधका मुद्दा १९२ बाट ४२१ पुगेका छन्। अर्थात् करिब एक सय २० प्रतिशतले वृद्धि भएको छ। अझ चिन्ताको विषय, यस अपराधमा अब किशोर-किशोरीसमेत जोडिन थालेका छन्। बालबालिका लागुऔषध सेवनकर्ता मात्र नभई ओसारपसार, कारोबार वा अन्य आपराधिक गतिविधिमा समेत प्रयोग हुन थालेको संकेत तथ्यांकले दिएको छ।

सामाजिक क्षेत्रका जानकारहरूका अनुसार किशोरावस्था जिज्ञासा, साथीको प्रभाव र भावनात्मक अस्थिरताको समय हो। यही अवस्थाको फाइदा उठाउँदै लागुऔषध कारोबारीले विद्यालय उमेरका बालबालिकालाई लक्षित गर्ने गरेको देखिन्छ। सहर विस्तार, अभिभावकको व्यस्तता, परिवारसँगको संवादको कमी, मोबाइल र सामाजिक सञ्जालको अनियन्त्रित प्रयोग, बेरोजगारी तथा गलत संगतजस्ता कारणले किशोरहरू जोखिममा पर्ने सम्भावना बढिरहेको छ।

विशेषगरी सुर्खेतजस्तो तीव्र शहरीकरण भइरहेको जिल्लामा ग्रामीण क्षेत्रबाट अध्ययन वा रोजगारीका लागि आउने युवायुवती र किशोरहरू नयाँ वातावरणमा असुरक्षित बन्ने जोखिम पनि बढ्दो देखिन्छ। जसले अपराध बढ्दै गएका छन्, भने चुनौती पनि थपिँदै गएका छन्। तथ्यांक अनुसार लागुऔषध मात्र नभई समग्र अपराधको ग्राफ पनि उकालो लागिरहेको छ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका अनुसार आर्थिक वर्ष ०८२/८३ मा जिल्लाभित्र अपराध १.१५ प्रतिशतले बढेको छ। तीन वर्षमा दुई हजार ६०३ वटा अपराधजन्य मुद्दा दर्ता भएका छन्। आर्थिक वर्ष ०८०/८१ मा ८२० मुद्दा दर्ता भएकोमा ०८१/८२ मा ८३४ पुगेका छन्। पछिल्लो आर्थिक वर्षमा यो संख्या बढेर ९४९ पुगेको छ।

प्रहरीका अनुसार अधिकांश घटना योजनाबद्ध आपराधिक मानसिकताका कारण हुने गरेका छन्। कानुनबारे जानकारीको अभावका कारण भएका घटना तुलनात्मक रूपमा कम रहेको प्रहरीको निष्कर्ष छ। जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी उपरीक्षक ठाकुरप्रसाद पोखरेलले प्रहरीमा दर्ता भएका अधिकांश मुद्दा आपराधिक मानसिकताबाट प्रेरित देखिएको बताए। कतिपय घटना कानुनको जानकारी नहुँदा भए पनि त्यस्ता घटना धेरै नभएको उनको भनाइ छ।

बढ्दै सामाजिक संकट

सुर्खेतमा अपराधका अन्य सूचकहरू पनि उत्तिकै चिन्ताजनक छन्। तीन वर्षमा २४४ वटा जबरजस्ती करणीका मुद्दा दर्ता भएका छन्। आर्थिक वर्ष ०८२/८३ मा मात्रै ९१ वटा बलात्कारसम्बन्धी मुद्दा दर्ता भएका छन्, जुन अघिल्ला वर्षको तुलनामा वृद्धि हो। कर्तव्य ज्यानसम्बन्धी १९ मुद्दा दर्ता भएका छन्, भने तीन वर्षमा घरेलु हिंसाका एक हजार ३८२ र सामाजिक हिंसासम्बन्धी एक हजार ३५७ मुद्दा प्रहरीमा पुगेका छन्। पछिल्लो आर्थिक वर्षमा साइबर अपराधसम्बन्धी ७९१ घटना दर्ता भएका छन्। यसमा फेसबुक ह्याक, विद्युतीय ठगी तथा मोबाइल हराउने वा चोरी हुनेजस्ता घटना समावेश छन्। यस्तै आत्महत्याको डरलाग्दो चित्र पनि प्रहरीले देखाएको छ। चार लाख १५ हजारभन्दा बढी जनसंख्या रहेको सुर्खेतमा आत्महत्या पनि अर्को गम्भीर सामाजिक समस्या बनेको हो। प्रहरीका अनुसार तीन वर्षमा ३३२ जनाले आत्महत्या गरेका छन्। जसमा आर्थिक वर्ष ०८०/८१ मा १११, ०८१/८२ मा ११४ र ०८२/८३ मा १०७ जनाले आत्महत्या गरेका छन्।

सबैभन्दा डरलाग्दो तथ्य आत्महत्या गर्नेमध्ये ८९ प्रतिशत अर्थात् २९५ जनाले झुन्डिएर ज्यान गुमाएका छन्। लागुऔषधमा बालबालिकाको संलग्नता बढ्नु कुनै सामान्य आपराधिक तथ्यांक भने होइन। यो भविष्यको पुस्तामाथि परेको गम्भीर सामाजिक खतरा पनि

बाँकी पृष्ठ २

सार्वजनिक बिदा कटौती गर्ने सरकारको तयारी

❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, ४ साउन

सरकारले सार्वजनिक बिदाहरूको पुनरवलोकन गृहकार्य थालेको छ। सचिवस्तरीय बैठकले हप्तामा दुई दिन (शनिबार र आइतबार) सार्वजनिक बिदा दिन थालेपछि हाल कायम सार्वजनिक बिदा धेरै भएको निष्कर्ष निकालेको हो।

ती बिदालाई घटाउने वा परिमार्जन गर्ने सम्बन्धमा अध्ययन गर्न एक उच्चस्तरीय कार्यदल गठन गरिएको छ।

गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा गठित कार्यदलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयका प्रतिनिधिलाई समावेश गरिएको छ। कार्यदलले १५ दिनभित्र सार्वजनिक बिदाहरूको पुनरवलोकन गरी प्रतिवेदन पेश गर्नुपर्नेछ।

सातामा दुई दिन बिदा हुँदा वर्षभरिका अन्य चाडपर्व र दिवसका बिदाले सरकारी कार्यालय धेरै दिन बन्द हुने र यसबाट नागरिक सेवा प्रभावित हुने भन्दै कार्यदलको प्रतिवेदनका आधारमा आगामी वर्षको बिदा क्यालेन्डरमा केही साबिकका बिदाहरू कटौतीको तयारी गरिएको बताइएको छ।

शेयर बजार उकास्न प्रधानमन्त्रीलाई मार्जिन लेन्डिङदेखि कर सुधारसम्मका सुझाव



❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, ४ साउन

प्रधानमन्त्री वालेन्द्र शाहले पुँजी बजार र धितोपत्र व्यवसायमा देखिएको समस्यालाई समाधान गर्ने प्रतिबद्धता जनाएका छन्। सोमबार सिंहदरबारमा पुँजी बजार, धितोपत्र व्यवसाय क्षेत्रका सरोकारवाला निकाय र व्यक्तिहरूसँग छलफल गर्दै प्रधानमन्त्रीले पुँजी बजार र धितोपत्र व्यवसायलाई व्यवस्थित बनाउन काम भइरहेको भन्दै यस क्षेत्रमा देखिएका समस्या समाधान गर्ने प्रतिवद्धता जनाएका छन्। पुँजी बजार र धितोपत्र व्यवसायमा देखिएको समस्या समाधानका लागि नयाँ समिति बनाइरहनु भन्दा पनि सम्बन्धित निकायले नै तुरुन्त काम अगाडि बढाउने प्रधानमन्त्रीले आश्वासन दिएको शेयर ब्रोकर तथा पुँजीबजार विज्ञ एवं नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गतको पुँजीबजार समितिका सभापति प्रियराज रेग्मीले बताए।

सहभागी सरोकारवालाले बताए। उनले व्यवसायीहरुका जायज मागहरू कार्यान्वयनमा लैजानका लागि सरोकारवाला निकायलाई बोलाएर छलफल गर्ने प्रतिवद्धता जनाएका छन्। पुँजी बजार र धितोपत्र व्यवसायमा देखिएको समस्या समाधानका लागि नयाँ प्रधानमन्त्रीले लगानीकर्ताको मनोबल उकास्ने, बजारमा आपूर्ति बढेको हुँदा माग पक्षलाई पनि बढाएर बजारलाई सन्तुलित बनाउने, करका विषयमा देखिएका अस्पष्टता हटाई, घाटा समायोजन गरेर मात्र कर लिने व्यवस्था मिलाउने, राष्ट्र

बाँकी पृष्ठ २

रोम विधान अनुमोदन गर्न प्रधानमन्त्रीलाई ज्ञापनपत्र

❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, ४ साउन

कर्णाली प्रदेशका मानव अधिकारकर्मी, कानुन व्यवसायी, पत्रकार तथा नागरिक समाजका प्रतिनिधिहरूले अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी)को रोम विधान अनुमोदन गर्न माग गर्दै साउन ४ गते प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन्।

अन्तर्राष्ट्रिय न्याय दिवसको अवसरमा प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई बुझाइएको ज्ञापनपत्रमा नेपालले लामो समयदेखि रोम विधान अनुमोदन नगर्दा दण्डहीनताको अन्त्य र गम्भीर मानव अधिकार उल्लङ्घनका घटनामा न्याय सुनिश्चित गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा हुन नसकेको उल्लेख गरिएको छ। कर्णाली प्रदेश कार्यालयका अनुसार सुर्खेतका प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीलाई ज्ञापनपत्र हस्तान्तरण गरिएको छ। ज्ञापनपत्रमा प्रदेश स्तरीय मानव अधिकार रक्षक सञ्जाल कर्णालीका संयोजक पीताम्बर ढकाल, इन्सेक कर्णाली प्रदेश कार्यालयका संयोजक नारायण सुवेदी, नेपाल कानुन व्यवसायी परिषद्का पार्षद मातृकाप्रसाद खनाल, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य नगेन्द्र उपाध्याय, उच्च अदालत बार एसोसिएसन सुर्खेतका अध्यक्ष हिमालयजंग शाही, गैसस महासंघ कर्णाली प्रदेशका अध्यक्ष घनश्याम केसी, जिल्ला बार एसोसिएसनका सचिव खगेन्द्र खनाल लगायत विभिन्न १४ वटा संस्था तथा सञ्जालका प्रतिनिधिहरूको हस्ताक्षर रहेको छ।



त्यस्तै हुम्ला जिल्लाप्रतिनिधि नन्द सिंहका अनुसार मानव अधिकार संरक्षण र सम्वर्धनका लागि रोम विधान अनुमोदन गर्न माग गर्दै मानव अधिकारकर्मीहरुले ०८३ साउन ४ गते जिल्ला प्रशासन कार्यालय हुम्लाका प्रमुख जिल्ला अधिकारी भोलानाथ गुरागाई मार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई ज्ञापन पत्र बुझाइएको छ।

उक्त ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी गुरागाईले इन्सेको नेतृत्वमा आएको यो ज्ञापनपत्रको सम्बोधन गर्दै नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बाँकी पृष्ठ २

सम्पादकीय

टेलिमेडिसिन सेवाको दिगोपनामा चुनौती

कर्णालीका अहिले पनि विशेषज्ञ चिकित्सकको अभाव, भौगोलिक विकटता र कमजोर यातायात पहुँचका कारण सामान्यदेखि जटिल रोगसम्मका बिरामी सुर्खेत वा नेपालगञ्ज पुग्न बाध्य छन् । उपचारभन्दा यात्रा महँगो पर्ने विडम्बना कर्णालीको यथार्थता हो । यहाका नागरिकका लागि स्वास्थ्य उपचार रोग निको पार्ने प्रक्रिया मात्रै होइन, वर्षौंदेखि कठिन यात्रा, ठूलो आर्थिक बोझ र अनिश्चितताको अर्को नाम पनि रहँदै आएको थियो । यही यथार्थ बदल्न टेलिमेडिसिन सेवा प्रभावकारी माध्यमका रूपमा स्थापित हुन थालेको छ । भिडियोमार्फत विशेषज्ञ चिकित्सकसँग प्रत्यक्ष परामर्श गर्ने व्यवस्था विस्तार भएपछि हजारौं बिरामीले आफ्नै जिल्लाबाट विशेषज्ञ स्वास्थ्य सेवा पाउन थालेका छन् । यसले उपचारलाई सहज मात्रै बनाएको छैन । स्वास्थ्य सेवामा रहेको भौगोलिक विभेदसमेत कम गर्न थालेको संकेत दिएको छ ।

यस कार्यक्रमको सबैभन्दा उल्लेखनीय उपलब्धि भनेको बिरामीको आर्थिक भार घट्नु हो । एक आर्थिक वर्षमै पाँच जिल्लाका बिरामीले उपचारका लागि जिल्ला बाहिर जान नपर्दा एक करोड १६ लाख रूपैयाँभन्दा बढी खर्च बचत भएको तथ्यांकले देखाउँछ । यो रकम यातायात वा बसोबास खर्चको बचत होइन, उपचारका लागि गरिब परिवारले बेहोर्नुपरेको अतिरिक्त आर्थिक र सामाजिक पीडाको पनि प्रतिनिधित्व हो । उपचारका लागि घर, खेतीपाती र रोजगारी छाड्नुपर्ने बाध्यता घट्नु आफैंमा ठूलो उपलब्धि हो । सेवाको प्रभाव आर्थिक पक्षमा मात्र सीमित छैन । तीन हजारभन्दा बढी बिरामीले सेवा लिइसकेको तथ्यांकले टेलिमेडिसिनप्रति बढ्दो विश्वास देखाउँछ । विशेषगरी छाला, मानसिक स्वास्थ्य, हाडजोर्नी तथा दीर्घरोगका बिरामीले सबैभन्दा धेरै लाभ लिएका छन् । विगतमा सामान्य विशेषज्ञ परामर्शका लागि पनि लामो दूरी तय गर्नुपर्ने अवस्था अहिले धेरै हदसम्म अन्त्य भएको छ ।

जिल्ला अस्पतालका चिकित्सकले जटिल बिरामीका विषयमा तत्काल विशेषज्ञसँग छलफल गरेर उपचार गर्न पाउने भएकाले अनावश्यक रेफरल घटेको छ । यसले बिरामीको खर्च बचत हुनुका साथै प्रदेशस्तरीय अस्पतालमा पर्ने अनावश्यक चापसमेत कम गरेको छ । तर सफलताको यो तस्वीरसँगै केही गम्भीर चुनौती पनि बाँकी छन् । हिमाली जिल्लामा इन्टरनेट सेवा अवरूद्ध हुने, विद्युत् आपूर्ति नियमित नहुने, उपकरण मर्मतमा समस्या आउने तथा दक्ष जनशक्तिको अभाव हुने अवस्था अझै विद्यमान छ । प्रविधिमा आधारित सेवा भएकाले यी पूर्वाधार कमजोर रहँदा सेवा पनि प्रभावित हुन्छ । साथै विशेषज्ञ चिकित्सकको नियमित उपलब्धता सुनिश्चित गर्नु अर्को चुनौती हो । अर्को महत्वपूर्ण पक्ष दिगोपनाको हो । अहिले सेवा सरकारी-गैरसरकारी सहकार्यबाट प्रभावकारी रूपमा सञ्चालन भइरहेको छ । तर दीर्घकालीन रूपमा यसको नेतृत्व, बजेट, प्राविधिक व्यवस्थापन र जनशक्ति विकासको जिम्मेवारी प्रदेश तथा स्थानीय सरकारले संस्थागत रूपमा लिन सक्नुपर्छ । अन्यथा परियोजना सकिएसँगै सेवा पनि कमजोर हुने जोखिम रहन्छ ।

कानुनको शासन कि कानुनद्वारा शासन ?



आकृति घिमिरे

लोकतान्त्रिक शासन व्यवस्थामा राज्य सञ्चालनको प्रमुख आधार नै कानुन हो । कानुनी राज्यको आधार भूत मान्यता नै राज्यका हरेक निकाय, पदाधिकारी, नागरिक तथा शासकहरू कानुनको अधीनमा रहने भन्ने हो । राज्य कानुनअनुसार चल्नु र राज्यले कानुन प्रयोग गरेर शासन गर्नु सुन्दा उस्तै सुनिए पनि यी दुई फरक कुरा हुन् । एउटा व्यवस्थाले राज्यसत्तालाई कानुनको सीमाभित्र राख्छ भने अर्को व्यवस्थाले कानुनलाई नै राज्यसत्ताको इच्छापूर्ति गर्ने साधन बनाउन सक्छ । पहिलो हो, कानुनको शासन (च्गाभि या ीबध) । दोस्रो हो, कानुनद्वारा शासन (च्गाभि दथ ीबध) । नेपालको संविधानले समेत कानुनी राज्य, मौलिक अधिकार, शक्ति पृथकीकरण र स्वतन्त्र न्यायपालिकाको अवधारणालाई अघि सारेको छ । तर राज्यमा कानुन हुनु र कानुनको शासन हुनु एउटै विषय पक्कै पनि होइन । कानुनकै प्रयोग गरेर राज्य सञ्चालन हुँदैमा त्यसलाई कानुनको शासन मान्न पक्कै सकिँदैन । कानुनले राज्यको शक्तिलाई नियन्त्रण गर्छ वा राज्यले आफ्नो शक्ति प्रयोग गर्न कानुनलाई नियन्त्रण गर्छ भन्ने विषयले 'कानुनको शासन' र 'कानुनद्वारा शासन'बीच रहेको फरकलाई स्पष्ट पार्छ ।

कानुनको शासन अर्थात् 'रुल अफ ल' आधुनिक प्रजातान्त्रिक शासन व्यवस्थाको जग हो । राज्यमा कुनै पनि व्यक्ति कानुनभन्दा माथि हुँदैन भन्ने मान्यता यसले राख्छ । प्रधानमन्त्री, मन्त्री, उच्च सरकारी अधिकारीदेखि सामान्य नागरिकसम्म एउटै कानुनी व्यवस्थाको अधीनमा हुनुपर्छ भन्ने मान्यता कानुनको शासनले राख्छ । कानुन स्पष्ट, सार्वजनिक, स्थिर र समान रूपमा लागू हुनुपर्ने तथा सरकार स्वयं पनि कानुनप्रति उत्तरदायी हुनुपर्ने मान्यतालाई आधुनिक कानुनी शासनको जग मान्न सकिन्छ । बेलायती संविधानविद् ए.भी. डाइसीले कानुनको सर्वोच्चता, कानुनसमक्ष समानता र कानुनी भावनाको प्रधानतालाई कानुनको शासनसँग जोडेर व्याख्या गरेका थिए।

संविधानविद् डाइसीले भनेका थिए, 'राज्यको स्वेच्छाचारी अधिकारको सट्टा नियमित कानुनको सर्वोच्चता कायम हुनुपर्छ ।' यसको अर्थ सरकारले आफूलाई आवश्यक परेको समयमा आफूअनुकूल निर्णय गर्ने र त्यसपछि उक्त निर्णयलाई कानुनी स्वरूप दिने होइन । बरु सरकारका निर्णयसमेत पहिले नै स्थापित कानुनी सीमा र प्रक्रियाभित्र रहनुपर्छ भन्ने उनको मान्यता थियो ।

नेपालको संविधान, २०७२ ले पनि संविधानलाई नेपालको मूल कानुनका रूपमा स्वीकार (ग्रहण) गरेको छ । जहाँ भनिएको छ, 'यो संविधान नेपालको मूल कानुन हो । यस संविधानसँग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुनेछ ।' यसबाट संसद्ले निर्माण गरेको कानुनसमेत संविधानभन्दा माथि नहुने कुरा स्पष्ट बुझ्न सकिन्छ । संसद्सँग कानुन निर्माण गर्ने अधिकार छ भन्दैमा संसद्को विधायिकी अधिकार असीमित हुँदैन ।

यसैगरी सरकारसँग कार्यकारी अधिकार छ भन्दैमा कार्यपालिकाले कानुनको आफूअनुकूल व्याख्या र प्रयोग गर्न पनि त पाउँदैन । यस्तै, कानुनद्वारा शासन अर्थात् 'रुल बाइ ल' को अवस्था भने बिल्कुल फरक हुन्छ । 'रुल बाइ ल' मा राज्यले कानुनलाई आफ्नो शक्ति सीमित गर्ने माध्यमभन्दा शासन सञ्चालन गर्ने हतियारका रूपमा प्रयोग गर्ने खतरा हुन्छ । सरकारको प्रत्येक निर्णयमा कानुनी दफा उल्लेख भएको हुन सक्छ, पक्राउ कानुनअनुसार गरिएको दाबी हुन सक्छ र राज्यका हरेक कामलाई कुनै न कुनै ऐन वा नियमसँग जोडिएको हुन सक्छ । तर कानुनकै प्रयोग गरेर राज्य सञ्चालन हुँदैमा त्यसलाई कानुनको शासन मान्न पक्कै सकिँदैन । कानुनको प्रयोग निष्पक्ष र समान नभए कानुनी प्रक्रियाको बाहिरी आवरणले मात्र कानुनको शासन स्थापित गर्न पक्कै पनि सक्दैन । इतिहासमा निरंकुश शासन व्यवस्थामा समेत कानुन थिए । अदालत थिए, प्रहरी र प्रशासन थिए तथा नागरिकलाई दण्डित गर्ने कानुनी व्यवस्था समेत थिए, तर त्यस्ता कानुनको उद्देश्य शासकको शक्तिलाई सीमित गर्नुको सट्टा शासनको नियन्त्रणलाई प्रभावकारी बनाउनु थियो । त्यसैले कुनै देशमा कति कानुन छन् भन्ने प्रश्नभन्दा ती कानुनले कसलाई नियन्त्रण गर्छन् भन्ने प्रश्न महत्वपूर्ण हुन्छ ।

नेपालको संविधानको धारा १८ ले पनि सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने व्यवस्था गरेको छ । तर कानुनको समानता संविधानमा लेखेर मात्र स्थापित हुन भने पक्कै सक्दैन । एउटै प्रकृतिको आरोपमा एक व्यक्तिमाथि तत्काल अनुसन्धान हुने र अर्को व्यक्ति राजनीतिक वा प्रशासनिक पहुँचका कारण लामो समय अनुसन्धानको दायराभन्दा बाहिर रहने अवस्था आयो भने कानुनको समान प्रयोगमाथि प्रश्न उठ्नु स्वाभाविक मान्न सकिन्छ । कानुन कमजोर व्यक्तिका लागि कठोर र शक्तिशाली व्यक्तिका लागि लचिलो देखिन थालेमा राज्यप्रतिको नागरिक विश्वास कमजोर हुँदै जान्छ । उसो त यो स्वाभाविक पनि त हो । सामान्य नागरिकले गरेको कानुनी उल्लङ्घनमा राज्य संयन्त्र तत्काल सक्रिय हुने तर राजनीति र कानुनसँग पहुँच भएका व्यक्तिसँग सम्बन्धित गम्भीर आरोप वर्षौंसम्म अनुसन्धानमै सीमित रहने अवस्थाले कानुनको शासनको अनुभूति गराउन असम्भवजस्तै छ । यसको अर्थ आरोप लागेका सबै व्यक्ति दोषी हुन् भन्ने पनि त पक्कै होइन । कसुर प्रमाणित नभएसम्म व्यक्तिलाई निर्दोष मान्नुपर्ने फौजदारी न्यायको आधार भूत सिद्धान्त हो ।

तर अनुसन्धान र कानुनी प्रक्रिया सबैका लागि समान रूपमा क्रियाशील हुनुपर्छ । यो कानुनको छनोटपूर्ण प्रयोग 'रुल अफ ल' का लागि गम्भीर चुनौतीको विषय पनि त हो । सरकार परिवर्तनसँगै अनुसन्धानका प्राथमिकता परिवर्तन हुने, राजनीतिक सम्बन्धका आधारमा राज्यका निकायको सक्रियता बढ्ने वा घट्ने र एउटै कानुन फरक व्यक्तिका हकमा फरक ढङ्गबाट प्रयोग भएको अनुभूति हुने अवस्था लोकतान्त्रिक शासनका लागि सकारात्मक मान्न सकिँदैन । कानुन समान हुनु मात्र पर्याप्त हुँदैन, यसको कार्यान्वयन पनि समान हुनुपर्छ ।

प्रजातान्त्रिक शासन व्यवस्थामा बहुमतबाट सरकार निर्माण हुने गर्छ । नेपाल, भारत, जर्मनी, क्यानडालगायत देशमा संसद्मा प्राप्त बहुमतका आधारमा सरकार निर्माण हुने गर्छ । जसले बहुमत प्राप्त दल वा गठबन्धनको नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने अधिकार राख्छ । तर संसदीय बहुमतलाई असीमित राज्यशक्तिको स्रोतका रूपमा बुझ्नु भने पक्कै पनि गलत हुन्छ । बहुमतले सरकार सञ्चालन गर्ने जनादेश प्राप्त गरेको हुन्छ, संविधानभन्दा माथि जाने अधिकार प्राप्त गरेको हुँदैन । संविधानको उद्देश्य नै राज्यका सबै अङ्गको अधिकार र सीमा निर्धारण गर्नु हो ।

यदि बहुमतले पारित गरेको प्रत्येक कानुनलाई स्वतः न्यायपूर्ण र संवैधानिक मान्ने हो भने न्यायिक पुनरावलोकनको आवश्यकता रहने थिएन । संविधानसँग बाझिने कानुनलाई अमान्य घोषित गर्न सकिने संवैधानिक व्यवस्था हुनुको अर्थ विधायिकी शक्ति पनि संवैधानिक नियन्त्रणभित्र रहेको छ । सरकार, संसद् र राज्यका अन्य निकायले आफ्नो अधिकार संविधानले निर्धारण गरेको सीमाभित्र प्रयोग गर्नुपर्ने हुन्छ ।

कानुनद्वारा शासनको अर्को गम्भीर पक्ष फौजदारी न्याय प्रणालीको राजनीतिक प्रयोगसँग पनि त सम्बन्धित छ । कुनै व्यक्ति पक्राउ पर्नेबित्तिकै दोषीका रूपमा प्रस्तुत गर्ने, अनुसन्धान पूरा नहुँदै सार्वजनिक रूपमा अपराधी घोषणा गर्ने र अदालतबाट फैसला हुनुअघि नै सामाजिक तथा राजनीतिक रूपमा दण्डित गर्ने प्रवृत्ति कानुनी शासनको सिद्धान्तसँग मेल खाँदैन ।

नेपालको संविधानको धारा २० ले न्यायसम्बन्धी हकको व्यवस्था गरेको छ र कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने सिद्धान्तलाई संवैधानिक संरक्षण दिएको छ । पक्राउ आफैंमा सजाय भने पक्कै होइन । अनुसन्धान दोषसिद्धि होइन र अभियोग अदालतको अन्तिम फैसला पनि त होइन । राज्यले अपराध अनुसन्धान गर्ने र अभियुक्तलाई कानुनको दायरामा ल्याउने अधिकार राख्छ । तर उक्त अधिकार कानुनी प्रक्रिया र व्यक्तिको आधारभूत अधिकारको सम्मान गर्दै प्रयोग गर्नुपर्ने पनि त हुन्छ ।

अपराध नियन्त्रणका नाममा राज्यलाई असीमित अधिकार दिइयो भने त्यही अधिकार भविष्यमा राजनीतिक विरोधी वा सामान्य नागरिकविरुद्ध प्रयोग हुन सक्ने खतरा पनि उत्तिकै हुन्छ ।

सांसदहरूलाई स्वकीयको सुविधा राजपत्रमा प्रकाशित

काँक्रेविहार संवाददाता
काठमाडौं, ४ साउन

सांसदहरूले स्वकीय सचिव राख्ने पाउने सरकारको निर्णय नेपाल राजपत्रमा प्रकाशित भएको छ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका अनुसार संघीय संसदका सदस्यहरूले रा.प. तृतीय श्रेणीको स्वकीय राख्न पाउनेछन् ।

यस्तै सभामुख र राष्ट्रियसभा अध्यक्षले रा.प.प्र सरहको प्रमुख स्वकीय सचिव १ जना राख्न पाउने व्यवस्था गरिएको छ । यस्तै स्वकीय द्वितीय श्रेणी र तृतीय श्रेणीको गरी दुई जना राख्न पाउनेछन् ।

विपक्षी दलको नेता, उपसभामुख, उपाध्यक्ष, प्रमुख सचेतकहरू र सभापतिले पनि द्वितीय श्रेणीको स्वकीय राख्न पाउने व्यवस्था लागू भएको हो ।

उनीहरूले सुरु स्केल अनुसारको तलब मात्र पाउने उल्लेख गरिएको छ । स्वकीय सचिवालयका कर्मचारीले ऐनअनुसार प्राप्त गर्ने पारिश्रमिक बैंक खातामा उपलब्ध गराइने राजपत्रमा उल्लेख छ ।

रोम...

सिंहदरबार, काठमाडौंमा पठाउने जानकारी गराए ।

उक्त ज्ञापनपत्र हस्तान्तरण कार्यक्रममा नेपाल बार एसोशिएसन हुम्लाका सचिव राजन चन्द, गैसस महासंघका हुम्लाका अध्यक्ष जनक बुढा, महिला मानव अधिकार रक्षक सञ्जाल हुम्लाका अध्यक्ष गंगा बोहरा, नेपाल पत्रकार महासंघ हुम्लाका उपाध्यक्ष छपाल लामा, नागरिक समाजका सदस्य द्धय अर्जुन बोहरा र राज शाही, मानवअधिकारकर्मी बेलुमाया महतारा र प्रेस चौतारी हुम्लाका कोषाध्यक्ष ऐटन रावलको सहभागिता रहेको थियो ।

जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार इन्सेक, नेपाल पत्रकार महासंघ जुम्ला, नागरिक समाज तातोपानी, जुम्ला बालबालिका सेवा केन्द्र र पत्रकारहरुसहितको टोलीले रोम विधान अनुमोदन गर्न माग गर्दै ०८३ साउन ४ गते प्रमुख जिल्ला अधिकारी तेज प्रकाश प्रसाईमार्फत नेपाल सरकारलाई रोम विधान तत्काल अनुमोदन गर्न र यसको पक्ष राष्ट्र हुन माग गर्दै ज्ञापनपत्र बुझाएको हो ।

ज्ञापनपत्र ग्रहण गर्दै प्रमुख जिल्ला अधिकारी प्रसाईले आजकै मितिमा सम्बन्धित निकाय गृहमन्त्रालय र प्रधानमन्त्रीको कार्यालयमा प्रेसित गर्ने बताए ।

ज्ञापनपत्रमा युद्ध अपराध, आमनरसंहार तथा मानवताविरुद्धका अपराधजस्ता गम्भीर अन्तर्राष्ट्रिय अपराधमा संलग्न व्यक्तिलाई जवाफदेही बनाउन र पीडितलाई न्याय दिलाउन रोम विधान महत्वपूर्ण रहेको उल्लेख छ ।

साथै, अन्तर्राष्ट्रिय फौजदारी अदालतले राष्ट्रिय अदालतको अधिकार क्षेत्र कटौती नगर्ने बरु दण्डहीनताको अन्त्यका लागि सहयोगी भूमिका खेल्ने तर्क गरिएको छ ।

ज्ञापनपत्रमा हालसम्म विश्वका १ सय २३ राष्ट्रले रोम विधान अनुमोदन गरिसकेको, दक्षिण एसियाका बंगलादेश, अफगानिस्तान र माल्दिभ्सलगायतका मुलुक पक्ष राष्ट्र बनिसकेको भए पनि नेपाल अझै पक्ष राष्ट्र बन्न नसकेको स्मरण गराइएको छ ।

ज्ञापनमार्फत पुनःस्थापित प्रतिनिधिसभाले ०६३ साउन ९ गते नेपाल सरकारलाई रोम विधान अनुमोदन गर्न निर्देशनात्मक संकल्प प्रस्ताव पारित गरेको, संयुक्त राष्ट्रसंघको मानव अधिकारसम्बन्धी विश्वव्यापी आवधिक समीक्षा (युपिआर) का क्रममा पनि नेपाललाई रोम विधान अनुमोदन गर्न पटक-पटक सिफारिस गरिएको तथा तत्कालीन परराष्ट्रमन्त्री उपेन्द्र यादवले ०६५ माघ २९ गते यससम्बन्धी प्रस्ताव मन्त्रिपरिषद्मा प्रस्तुत गरेको तथ्यसमेत स्मरण गराइएको छ ।

नागरिक समाजका प्रतिनिधिहरूले अन्तर्राष्ट्रिय कानुनप्रतिको नेपालको प्रतिबद्धता प्रकट गर्दै रोम विधान यथाशीघ्र अनुमोदन गर्न सरकारसँग आग्रह गरेका छन् ।

यसअघि साउन १ गते कालिकोट, जाजरकोट र सल्यानमा ज्ञापनपत्र बुझाइसकिएको छ ।

शेयर...

बैंकले ब्रोकरहरू मार्फत मार्जिन लेन्डिङ सञ्चालन गर्न आवश्यक नियमहरू बनाइदिने लगायतका सुझाव दिएको रेग्मीले सुनाए ।

सहभागीहरूले स्टक एक्सचेन्जको पुनर्संरचना गरी प्रविधियुक्त बनाउने र उच्च दक्ष जनशक्ति आउने वातावरण बनाउने समेत सुझाव दिएका छन् । धितोपत्र बोर्डले १० कित्ते नीतिको पुनरावलोकन/सुधार गरी योग्य संस्थागत लगानीकता मार्फत बुक बिल्डिङ प्रक्रियाबाट आईपीओ ल्याउने व्यवस्था गर्न समेत सुझाएका छन् । छलफलमा धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज, स्टक ब्रोकर एसोसिएसन अफ नेपाललगायतका निकायका पदाधिकारीको उपस्थिति थियो ।

बढ्दै...

हो । यसलाई नियन्त्रण गर्न प्रहरीको कारबाही मात्र पर्याप्त हुँदैन । विद्यालयमा नियमित सचेतना, अभिभावकसँगको संवाद, समुदायस्तरमा निगरानी, बालमैत्री परामर्श सेवा, खेलकुद तथा सिर्जनात्मक गतिविधिमा किशोरहरूको सहभागिता बढाउने नीतिगत प्रयास आवश्यक रहेको सरोकारवाला बताउँछन् । किनकी हाल लागुऔषधको चक्रमा फसेको एउटा बालक वा बालिका भोलिको अपराधी मात्र होइन, समाजले गुमाउन लागेको एउटा सम्भावना पनि हो । सुर्खेतको बढ्दो अपराधको तथ्यांकभित्र लुकेको सबैभन्दा ठूलो चेतावनी पनि यही हो । यसमा परिवारदेखि समाज र सरकार गम्भिर बन्न जरुरी छ ।

हुम्लामा बाटोमै सुत्केरी हुन बाध्य



काँक्रेविहार संवाददाता
हुम्ला, ४ साउन

जिल्लाको सर्केगाड गाउँपालिका एक जैरगाउँकी २२ वर्षीया कल्पना नेपालीले स्वास्थ्य संस्था पुग्नुअघि नै बाटोमै शिशु जन्माउनुपरेको घटना सार्वजनिक भएको छ । यो घटनाले दुर्गम हिमाली जिल्लामा सुरक्षित मातृत्व सेवाको पहुँच अझै कमजोर रहेको तथ्य उजागर गरेको छ ।

गत बिहीबार प्रसव पीडा सुरु भएपछि परिवारका सदस्यले कल्पनालाई स्वास्थ्य संस्थामा पुऱ्याउने प्रयास गरेका थिए । गाउँमा स्ट्रेचरको समेत व्यवस्था नभएकाले उनलाई हिँडाएरै लैजानुपरेको थियो ।

घर नजिक रहेको स्याडा स्वास्थ्य संस्थामा आवश्यक प्रसूति सेवा र उपकरणको अभाव भएपछि परिवारले उनलाई करिब आधा घण्टाको पैदल दूरीमा रहेको जैर स्वास्थ्य चौकीतर्फ लैजाँदै गर्दा शुक्रबार बाटोमै शिशु जन्मिएको हो ।

प्रसवपछि अत्यधिक रक्तस्राव भएपछि आफन्तले तत्काल स्वास्थ्यकर्मीलाई खबर गरेका थिए । जैर स्वास्थ्य चौकीका इन्चार्ज बखत बुढाका अनुसार स्वास्थ्यकर्मी घटनास्थल पुगेर आमा र नवजात शिशुलाई स्वास्थ्य चौकीमा ल्याई आवश्यक उपचार गरिएको थियो । हाल दुवैको स्वास्थ्य अवस्था सामान्य रहेको जनाइएको छ ।

स्थानीयवासीका अनुसार जैरगाउँमा सडक, यातायात र पर्याप्त स्वास्थ्य सेवा नहुँदा गर्भवती महिला तथा अन्य बिरामीले समयमै उपचार पाउन कठिनाइ भोगिरहेका छन् ।

जटिल प्रकृतिका सुत्केरीका लागि आवश्यक विशेषज्ञ चिकित्सक र उपकरण नहुँदा जोखिम झन् बढ्ने गरेको उनीहरूको भनाइ छ । सरकारले राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत जटिल अवस्थाका गर्भवती महिलाका लागि हवाई उद्धारको व्यवस्था गरेको भए पनि मौसम प्रतिकूल हुनु, सञ्चार सुविधा कमजोर रहनु र दुर्गम बस्तीमा सूचना समयमै नपुग्नुका कारण धेरै महिला उक्त सेवाबाट लाभान्वित हुन सकेका छैनन् ।

स्थानीयले सुरक्षित मातृत्व सुनिश्चित गर्न गाउँस्तरमै गुणस्तरीय प्रसूति सेवा, आवश्यक स्वास्थ्य सामग्री, एम्बुलेन्स वा स्ट्रेचरको व्यवस्था तथा यातायात पूर्वाधार सुदृढ बनाउन सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।

बर्खामा भूकम्पपीडित थप जोखिममा

काँक्रेविहार संवाददाता
जाजरकोट, ४ साउन

अविरल वर्षासँगै जाजरकोटका भूकम्पपीडितको बसाइ फेरि जोखिमपूर्ण बनेको छ । तीन वर्षअघि गएको भूकम्पले घर भत्किएपछि विस्थापित भएका सयौं परिवार अझै पनि अस्थायी टहरामै बस्न बाध्य छन् ।

स्थायी आवास निर्माणको काम अपेक्षित रूपमा अघि नबढ्दा वर्षायाममा उनीहरूको दैनिकी थप कष्टकर बनेको छ ।

सरकारले उपलब्ध गराएको ५० हजार रुपैयाँ अनुदानबाट निर्माण गरिएका अस्थायी टहरामा बस्दै आएका पीडितले पानी चुहिने, पहिरोको जोखिम, सर्पको डर तथा असुरक्षित वातावरणका बीच रात बिताउनुपरेको बताएका छन् ।

भिरालो जमिनमा बनाइएका अधिकांश टहरा वर्षासँगै थप जोखिममा परेका छन् । जाजरकोटका साथै रुकुमपश्चिमको आठबिसकोट नगरपालिका र सानीभेरी गाउँपालिकाका धेरै परिवार पनि यस्तै समस्याबाट प्रभावित छन् ।



भेरी नगरपालिका एक रावतगाउँका वीरबहादुर नेपालीले सरकारले समयमै पुनर्निर्माणको काम अघि नबढाउँदा भूकम्पपीडितले अर्को वर्षा पनि त्रासमै बिताउनुपरेको बताए । उनका अनुसार अस्थायी टहराभित्र पानी पस्ने, राति सर्प पस्ने डर हुने तथा सुरक्षित रूपमा बस्न नसक्ने अवस्था छ ।

विशेषगरी बालबालिका, गर्भवती महिला, सुत्केरी, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई दैनिक जीवन सञ्चालन गर्न निकै कठिन भइरहेको उनको भनाइ छ । स्थानीयवासीले पुनर्निर्माण प्रक्रिया ढिलो हुनुमा सम्बन्धित निकायको बेवास्तालाई जिम्मेवार ठहराएका छन् । नलगाड नगरपालिक एक चिउरीकी सपना घेत्मालले सरकारले समयमै स्थायी आवास निर्माण सुरु नगर्दा पीडितको समस्या झन् बढ्दै गएको बताए । उनका अनुसार करिब दुई सय घरधुरी रहेको गाउँ बाढी र पहिरोको उच्च जोखिममा छ ।

अधिकांश परिवार गरिब तथा दलित समुदायका रहेका र दैनिक ज्यालामजदुरीबाट जीविकोपार्जन गर्ने भएकाले आफ्नै खर्चमा घर निर्माण गर्न सक्ने अवस्था छैन ।

स्थानीयले असार १५ गतेदेखि पुनर्निर्माण सुरु हुने जानकारी पाएपछि राहत महसुस गरेका थिए । तर काम असोजदेखि मात्रै सुरु हुने सूचना आएपछि उनीहरू निराश बनेका छन् ।

वर्षा सकिएपछि मात्र काम सुरु हुँदा यो वर्ष पनि अस्थायी टहरामै बस्नुपर्ने बाध्यता कायम रहने देखिएको छ ।

प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीका अनुसार भेरी नगरपालिका एक र तिनका एक सय ८८ लाभग्राहीको सम्झौता प्रक्रिया जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको बैठकबाट अघि बढाइने तयारी गरिएको छ ।

नलगाड नगरपालिका एक, दुई र तिनका चार सय ७२ लाभग्राहीको प्राविधिक मूल्याङ्कन सम्पन्न भएपछि सम्झौता प्रक्रिया सुरु गरिने उनले जानकारी दिए । त्यस्तै, भेरी नगरपालिकाले थप छ सय १२ लाभग्राहीको विवरण पेस गरेकाले आगामी बैठकबाट पुनर्निर्माणका लागि आवश्यक निर्णय गरिने जनाइएको छ ।

भूकम्प गएको लामो समय बितिसक्दा पनि स्थायी आवास निर्माणले गति लिन नसक्दा जाजरकोटका पीडितहरू वर्षेनी प्राकृतिक विपद्को दोहोरो जोखिम सामना गर्न बाध्य छन् । स्थानीयले पुनर्निर्माणलाई तीव्रता दिई सुरक्षित आवासको व्यवस्था गर्न सरकारसँग माग गरेका छन् ।

भत्ता लिन परिचयपत्र नवीकरण गर्नुपर्ने



काँक्रेविहार संवाददाता
सुर्खेत, ४ साउन

सरकारले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीलाई असोज मसान्तभित्र सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आग्रह गरेको छ । महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक मन्त्रालयले सूचना जारी गर्दै समयमै परिचयपत्र नवीकरण नगरे भत्ता वितरण प्रक्रियामा समस्या आउन सक्ने जनाएको छ ।

मन्त्रालयका अनुसार सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ को नियम नौ बमोजिम वृद्धभत्ता, एकल महिला भत्ता, दलित बालबालिका भत्ता, अपाङ्गता भत्ता, ज्येष्ठ नागरिक भत्ता तथा अन्य सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीले असोज मसान्तभित्र नवीकरण प्रक्रिया पूरा गर्नुपर्नेछ ।

परिचयपत्र नवीकरणका लागि लाभग्राही स्वयं आफ्नो स्थायी बसोबास रहेको वडा कार्यालयमा उपस्थित भई जैविक पहिचान (बायोमेट्रिक) का आधारमा प्रक्रिया पूरा गर्नुपर्ने व्यवस्था गरिएको छ । अस्थायी रूपमा अन्य स्थानमा बसोबास गरिरहेका लाभग्राहीले आफू बसोबास गरिरहेको स्थानीय तहको वडा कार्यालयबाट पनि परिचयपत्र नवीकरण गराउन सक्ने मन्त्रालयले स्पष्ट पारेको छ । मन्त्रालयका अनुसार नवीकरण प्रक्रिया राष्ट्रिय परिचय नम्बरका आधारमा जैविक पहिचानमार्फत गरिनेछ । यसबाट वास्तविक लाभग्राहीको पहिचान सुनिश्चित हुने, दोहोरो नाम दर्ता रोक्न सहयोग पुग्ने तथा सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई थप पारदर्शी र व्यवस्थित बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

यद्यपि, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ अनुसार १६ वर्षभन्दा कम उमेरका बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने अशक्त व्यक्ति तथा ९० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकका हकमा लाभग्राहीका रूपमा सूचीकृत हुन राष्ट्रिय परिचय नम्बर अनिवार्य नहुने व्यवस्था यथावत् रहेको मन्त्रालयले जनाएको छ । मन्त्रालयले असोज मसान्तसम्म नवीकरणको समयसीमा रहेकाले अन्तिम समयमा भीडभाड हुन सक्ने भन्दै लाभग्राहीलाई समयमै वडा कार्यालयमा पुगेर प्रक्रिया पूरा गर्न आग्रह गरेको छ । साथै स्थानीय तहलाई पनि नवीकरण कार्य व्यवस्थित, सहज र सेवाग्राहीमैत्री बनाउन आवश्यक व्यवस्थापन गर्न निर्देशन दिइएको छ । सरकारले सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई प्रविधिमैत्री, पारदर्शी र प्रभावकारी बनाउने उद्देश्यका साथ राष्ट्रिय परिचय नम्बर र जैविक पहिचानमा आधारित प्रणाली लागू गर्दै आएको छ । मन्त्रालयले समयमै नवीकरण गरेर सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने अधिकार सुरक्षित गर्न सबै लाभग्राहीलाई अनुरोध गरेको छ ।

६ वटा भरूवा बन्दुक बरामद



काँक्रेविहार संवाददाता
सल्यान, ४, साउन

जिल्ला प्रहरी कार्यालय सल्यानले जिल्लाका दुई सामुदायिक वन क्षेत्रबाट बेवारिसे अवस्थामा लुकाइराखिएका छ नाल अवैध भरुवा बन्दुक बरामद गरेको छ ।

प्रहरीका अनुसार बनगाड कुपिण्डे नगरपालिका-१२ स्थित भदाले सामुदायिक वनबाट चार नाल र छत्रेश्वरी गाउँपालिका एकको जुगेखोला सामुदायिक वनबाट दुई नाल भरुवा बन्दुक फेला परेका हुन् ।

गोप्य सूचनाका आधारमा सञ्चालन गरिएको खोजतलास अभियानका क्रममा उक्त हातहतियार बरामद गरिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सल्यानका सूचना अधिकारी तथा प्रहरी निरीक्षक देवराज भण्डारीले बरामद गरिएका बन्दुक कसले, कहिले र कुन उद्देश्यका लागि वन क्षेत्रमा लुकाइराखेको हो भन्ने विषयमा अनुसन्धान भइरहेको जानकारी दिए ।

घटनासँग सम्बन्धित व्यक्ति वा समूहको पहिचानका लागि थप अनुसन्धान अघि बढाइएको उनले बताए प्रहरीका अनुसार जिल्लामा अवैध हातहतियारको प्रयोग तथा ओसारपसार नियन्त्रण गर्न नियमित रूपमा निगरानी र खोजतलास अभियान सञ्चालन भइरहेको छ । यस अभियानअन्तर्गत विभिन्न सम्भावित स्थानमा सुरक्षा निगरानी बढाइएको जनाइएको छ ।

प्रहरी निरीक्षक भण्डारीले अवैध हातहतियारसँग सम्बन्धित कुनै पनि सूचना वा शङ्कास्पद गतिविधि देखिएमा तत्काल नजिकको प्रहरी कार्यालयमा जानकारी गराउन सर्वसाधारणसँग आग्रह गरे । नागरिकको सहयोगबाट यस्ता गतिविधि नियन्त्रण गर्न सहज हुने उनको भनाई छ । प्रहरीले बरामद भएका भरुवा बन्दुकलाई नियन्त्रणमा लिएर कानुनी प्रक्रिया अघि बढाएको तथा घटनाको सबै पक्षबाट अनुसन्धान जारी रहेको जनाएको छ ।

सरकारले रोक्यो नयाँ स्थायी पदपूर्ति

काँक्रेविहार संवाददाता
काठमाडौं, ४, साउन

सरकारले नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएण्डएम) पछि बढी हुने (फाजिल) कर्मचारीहरूको व्यवस्थापन नभएसम्मका लागि नयाँ स्थायी पदपूर्ति प्रक्रियामा रोक लगाएको छ । आजको सचिवस्तरीय बैठकले ओएण्डएमका कारण दरबन्दी कटौती भएपछि उत्पन्न हुने कर्मचारी व्यवस्थापनका लागि यस्तो निर्णय गरेको हो । बैठकको निर्णय अनुसार अब नेपाल सरकारका कुनै पनि निकायले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पूर्वस्वीकृति बिना नयाँ स्थायी पदपूर्तिका लागि लोकसेवा आयोगमा माग पठाउन पाउने छैनन् ।

ओएण्डएम सर्वेक्षण अनुसार विभिन्न निकायमा दरबन्दीहरू घट्दा कर्मचारीहरू 'फाजिल' मा पर्ने भएपछि चालू आर्थिक वर्षका लागि यस्तो कडाइ गरिएको बताइएको छ । हाल कार्यरत स्थायी कर्मचारीहरूको व्यवस्थापनलाई प्राथमिकता दिन नयाँ भर्ना प्रक्रियामा नियन्त्रण गरिएको हो । बैठकले स्वीकृत फाजिल कर्मचारीहरूलाई कामविहीन हुन नदिने नीति लिएको छ। सम्बन्धित मन्त्रालय वा निकायले पहिले आफ्नो आन्तरिक दरबन्दीमा कर्मचारी मिलान गर्नेछन् ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

पुल अभावले स्थानीय सास्तीमा



काँक्रेविहार संवाददाता

दैलेख, ४ साउन

जिल्लाको भगवतीमाई गाउँपालिकामा तुर्सुखोलामा स्थायी पुल नबन्दा स्थानीयवासी वर्षौंदेखि जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका छन् ।

वडा नं. तिनको मेहेल्तोली र वडा नम्बर चारको जगन्नाथ जोड्ने मुख्य मार्गमा पर्ने उक्त खोलाले वर्षायाममा आवतजावत झन् कठिन बनाउने गरेको छ । वर्षा लागेपछि खोला उर्लिएर बग्ने हुँदा स्थानीयले मोटरसाइकल वारिपारि नै छाडेर पैदल खोला तर्नुपर्ने अवस्था रहेको छ । यसले दैनिक आवतजावत मात्र नभई विद्यालय जाने विद्यार्थी, ज्येष्ठ नागरिक र बिरामीलाई ठूलो समस्या पर्ने गरेको स्थानीयको भनाइ छ । स्थानीय जनक अधिकारीका अनुसार खोला बढेका बेला गाउँबाट बिरामीलाई अस्पताल लैजान निकै कठिन हुन्छ ।

एम्बुलेन्स गाउँसम्म पुग्न नसक्ने भएकाले आकस्मिक अवस्थामा उपचारमा ढिलाइ हुने गरेको उनले बताए । विद्यालय जाने बालबालिकाले पनि हरेक वर्ष जोखिम मोलेर खोला तर्नुपर्ने बाध्यता रहेको उनको भनाई छ । भगवतीमाई गाउँपालिका तिनका वडाध्यक्ष मानबहादुर खड्काले प्रत्येक वर्ष स्थानीय तहले अस्थायी काठको पुल बनाउने गरे पनि बाढीले बगाउने वा कुहिने समस्या दोहोरिने गरेको जानकारी दिए वर्षा सकिएपछि उक्त पुल हटाउनुपर्ने भएकाले स्थायी समाधान हुन नसकेको उनले बताए । वडाध्यक्ष खड्काका अनुसार तुर्सुखोलामा फलामको ट्रस पुल निर्माण गरी मोटरसाइकल सञ्चालन गर्न मिल्ने संरचना बनाउन करिब साढे सात लाख रुपैयाँको प्राविधिक लागत अनुमान तयार भइसकेको छ तर बजेट अभाव र योजना कार्यान्वयनमा ढिलाइका कारण निर्माण प्रक्रिया अघि बढ्न सकेको छैन ।

स्थानीयवासीले वर्षेनी एउटै समस्या दोहोरिन नदिन सम्बन्धित निकायले शीघ्र स्थायी पुल निर्माण गरी सुरक्षित आवतजावतको व्यवस्था गर्नुपर्ने माग गरेका छन् ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८३/०४/०५

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/१०/१८ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **बितोकु इन्टरनेशनल एजुकेशन कन्सलटेन्सी वी.न.पा-६, सुर्खेत** (प्रा.लि.नं. ६२३५३३७२३) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **मानाविया नेपाल एजुकेशन कन्सलटेन्सी वी.न.पा-६, सुर्खेत**ले स्वीकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

१२३४ मा फोन गरेपछि के हुन्छ?

१ **घटनाको जानकारी लिन र दिन सकिन्छः** विपद्को प्रकार, स्थान र अवस्थाबारे स्पष्ट जानकारी लिन र दिन सकिन्छ।

२ **सूचना सम्बन्धित निकायमा पुग्छः** राष्ट्रिय/जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रले सम्बन्धित निकायसँग समन्वय गर्छ।

३ **उद्धार तथा सहायता परिचालन हुन्छः** घटनाको प्रकृतिअनुसार सम्बन्धित निकायबाट टोली परिचालन गरिन्छ।

४ **स्थिति अनुगमन र समन्वय गरिन्छः** घटनासम्बन्धी सूचना अभिलेख, अद्यावधिक र समन्वय गरिन्छ।

कहिले १२३४ मा फोन गर्ने?

- बाढी/डुबान
- पहिरो
- भूकम्प
- आगलागी
- हिमपहिरो तथा हिमताल विस्फोट
- चट्याङ
- आँधी-हुरी
- अन्य विपद् तथा आपत्कालीन अवस्था

फोन गर्दा यी चार कुरा स्पष्ट बताउनुहोस्

१. के भएको हो?
२. कहाँ भएको हो?
३. अनुमानित कति मानिस प्रभावित छन्?
४. तत्काल कस्तो सहायता आवश्यक छ?

सही सूचना दिनुहोस्।
अनावश्यक वा झुटो फोन नगर्नुहोस्।
तपाईंको जिम्मेवार सूचना, कसैको जीवन बचाउन महत्त्वपूर्ण हुन सक्छ।

नेपाल सरकार गृह मन्त्रालय | MEDIA ALLIANCE NEPAL | NEPAL MEDIA SOCIETY

कागजात हराएको सूचना !

दैलेख जिल्ला ठाँटीकाँध गा.पा. वडा नं. ५ निवासी पुस्कर शाहीको इन्जिनियरिङ डिप्लोमा गरेको महत्वपूर्ण डकुमेण्ट मिति २०८३ असार ३१ गते दैलेखदेखि सुर्खेत आउने क्रममा हराएको हुँदा भेटाउनु हुने जो कोहीले पनि नजिकैको प्रहरी कार्यालय अथवा तलको निम्न ठेगानामा सम्पर्क गरिदिनुहनु अनुरोध छ ।

नाम : पुस्कर शाही **ठेगाना : ठाँटीकाँध-५, दैलेख**

सम्पर्क नं. : ९७६७१०१८९९

जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं,
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,
- पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं ।

जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)